# चन्द्रागिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाण्डौ

३ नं. प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं. ०७५/७६

च.नं. ५११

मिति : २०७५।११।१५

श्री वडा कार्यालयहरु सवै ।

**विषय: तालिमको सहभागी मनोनयन गरी पठाईदिने सम्वन्धमा**

प्रस्तुत विषय सम्वन्धमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको मिति २०७५।११।०१ च.नं. २३९ को प्राप्त पत्रको छाँया प्रति यसै पत्रसाथ संलग्न राखी पठाइएको छ व्यहोरा अवगत गरि सोहिअनुसार गर्नुहुन अनुरोध गरिन्छ ।

०७५।११।१५

युवराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत स्थापित)
त्रिपुरेश्वर, काठमाडौं

फोन नं. ९७७-१-४२६१३३९, ४२६१४६९
४२६६१६२, ४२६६१६३
फ्याक्स: ९७७-१-४२६१२४१
पो.ब.नं. ३६७६, काठमाडौं
Website: www.iedi.org.np

पत्र संख्या : ०७५/७६
चलानी नं. : 235

श्री प्रशासन
उ.: सबै वडाहरूलाई जानकारी गराउने र सहजकर्ताको नाम प्राप्त भएपछि जानकारी पठाउने

मिति: २०७५/११/१

विषय : **तालिमको लागि सहभागी मनोनयन गरी पठाईदिने बारे ।**

श्रीमान् प्रमुखज्यू,
चन्द्रागिरी नगरपालिका
काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा यस प्रतिष्ठानले मिति २०७५ फागुनको २६ गते देखि चैत्र ५ गते सम्म प्रतिष्ठानको केन्द्रिय कार्यालय त्रिपुरेश्वरमा स्थानीय निकायहरुको लागि उद्यमशिलता विकासको क्षेत्रमा दक्ष प्रशिक्षक विकास गर्ने उद्देश्यले "१० दिने उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण तालिम" सञ्चालन गर्न गैरहेको व्यहोरा अनुरोध गर्दछु । देश संघिय शासन प्रणालीमा गैसकेकोले हरेक स्थानिय तह भित्र उद्योग व्यवसायहरु प्रवद्धर्न र सम्वर्द्धन गर्न सम्वन्धित क्षेत्रमा दक्ष प्रशिक्षक तथा सहजकर्ताहरु तयार गरी उद्यमीहरु सृजना तथा विकास गर्न आवश्यक देखिएकोले प्रतिष्ठानले यो कार्यक्रम गर्न लागेको हो । तसर्थ, त्यस नगरपालिका भित्रका हरेक वडाहरु वाट प्रशिक्षक बन्न उपयुक्त वढीमा १० जना प्रशिक्षार्थिहरु छनोट गरी २०७५ फागुनको १९ गते भित्र सहभागिहरुको नाम यस प्रतिष्ठानमा पठाइ सहयोग गर्नुहुन अनुरोध गर्दछु । तालिममा उपलब्ध गराइने सेवा सुविधाको हकमा प्रतिष्ठानले तालिम प्रदान गर्ने, तालिम पाठ्य सामग्रिहरु उपलब्ध गराउने, तालिम समयमा चिया खाजाको व्यवस्था गर्ने छ भने सहभागिहरुलाई अन्य खर्चहरु आवश्यक परेमा सम्वन्धित नगरपालिकाले नै व्यहोर्नु पर्नेछ । साथै तालिमको दरखास्त फारम र सहभागि छनोट सम्वन्धि विवरणहरु यसै पत्रसाथ संलग्न गरिएको छ ।

तालिमको बिवरण

तालिमको नाम: उद्यमशीलता बिकास प्रशिक्षक प्रशिक्षण (EDP -TOT)

तालिम हुने स्थान: औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सेमिनार हल, त्रिपुरेश्वर

तालिम संचालन हुने समय: बिहान १०.३० देखि ४.३० सम्म

(इश्वरी प्रसाद शर्मा)
कार्यक्रम संयोजक

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

## त्रिपुरेश्वर, काठमाण्डौ

प्रशिक्षक प्रशिक्षण तालिममा भागलिन आवश्यक योग्यता

१) सहभागिको उमेर २० वर्ष पुग भई ४० वर्ष ननाघेको हुनुपर्ने

२) नेपाली नागरिक हुनुपर्ने

३) न्युनतम शैक्षिक योग्यता १२ कक्षा पास भएको हुनुपर्ने

४) समावेशी आधारमा सहभागि छनौट हुनुपर्ने

५) तालिम पछि सहभागिहरुले आ आफ्नो स्थानिय क्षेत्रमा प्रशिक्षक भई कामगर्न प्रतिवद्ध हुनुपर्ने

मिति :...........

## उद्यमशिलता विकास प्रशिक्षक प्रशिक्षकका लागि दरखास्त

(दरखास्त फाराम निवेदकको आफ्नै हस्ताक्षरले भर्नु पर्ने छ ।)

श्री औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
त्रिपुरेश्वर काठमाण्डौ ।

फोटो

यस प्रतिष्ठानद्वारा काठमाण्डौको त्रिपुरेश्वरमा संचालन हुने **उद्यमशिलता विकास प्रशिक्षक प्रशिक्षण** तालिममा भागलिनका लागि निम्न विवरण खोली दरखास्त पेश गरको/की छु ।

१. निवेदकको नाम, थर :

२. क) बाबुको नाम: ख) आमाको नाम:

३. पारिवारिक पेशा :

४. स्थायी ठेगाना वार्ड नं. ब्लक नं. समेत : मोवाइल नं:

५. हालको ठेगाना वार्ड नं. ब्लक नं. समेत : मोवाइल नं:

६. जन्ममिति : ७. नागरिकता :

८. विवाहित/अविवाहित : ९. शैक्षिक योग्यता :

१०. कुनै विशेष सीप वा तालिमप्राप्त गरेको भए कुन तालिम कहाँबाट प्राप्त गरेको हो? खुलाउने :
..............................................................................................

११. उद्योग व्यवसाय संचालन गरेको भए खुलाउने :
..............................................................................

१२. कुनै तालिममा प्रशिक्षक भै काम गरेको भए अनुभव के मा छ ? खुलाउने:
..............................................................................................

१३. तपाई हाल के गर्दै हुन हुन्छ खुलाउनहोस् :
..............................................................................................

१४. तालिम समाप्ति पछि के विचार छ ? चिनो लगाउने :

(क) प्रशिक्षक भै कामगर्ने (ख) पारिवारिक पेशामा मद्दत गर्ने

(ग) आफ्नो उद्योग खोल्ने (घ) अन्य (खुलाउने) .......................

निवदेकको दस्तखत